नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# पर्यटन प्रवर्द्धक सम्बन्धी कार्यविधि, २०७९

मन्त्रालयबाट स्वीकृत मितिः २०७९/१२/२६

विश्व पर्यटन बजारमा नेपाललाई आकर्षक, रमणीय र सुरक्षित पर्यटकीय गन्तव्य स्थलको रूपमा परिचित गराउँदै नेपालको पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले नियुक्त गरिने पर्यटन प्रवर्द्धकको नियुक्तिलाई विधि सम्मत बनाउँदै उनीहरुका कामलाई व्यवस्थित, प्रभावकारी र नतीजामूलक बनाउनका लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"पर्यटन प्रवर्द्धक सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) "मन्त्रालय "भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनुपर्छ।

(ख) "सचिव" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव सम्झनुपर्छ।

(ग) "पर्यटन प्रवर्द्धक" भन्नाले कार्यविधिको दफा ३ बमोजिम नियुक्त हुने पर्यटन प्रवर्द्धक सम्झनुपर्छ। यसलाई अङ्ग्रेजीमा "टुरिजम प्रमोटर" भनिने छ।

(घ) "सिफारिस समिति" भन्नाले कार्यविधिको दफा ३(२) बमोजिमको पर्यटन प्रवर्द्धक सिफारिस समितिलाई सम्झनुपर्छ।

(ङ) "मूल्याङ्कन समिति" भन्नाले कार्यविधिको दफा ९(३) बमोजिमको पर्यटन प्रवर्द्धकको कार्यसम्पादन मूल्याङ्कन समितिलाई सम्झनुपर्छ।

सचिव

## परिच्छेद – २

### नियुक्ति

३. **पर्यटन प्रवर्द्धकको नियुक्तिः** (१) स्वयंसेवी भावनाका साथ नेपालको प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक एवम् जैविक सम्पदा एवम् खेलकुद, मनोरञ्जनको सम्भावनालाई अन्तर्राष्ट्रिय स्तरमा फैलाउन सहयोग पुऱ्याउने व्यक्तिलाई उपदफा (२) बमोजिमको सिफारिस समितिको सिफारिसका आधारमा मन्त्रालयले पर्यटन प्रवर्द्धक नियुक्त गर्न सक्नेछ। पर्यटन प्रवर्द्धकको नियुक्ति पत्रको ढाँचा अनुसूची -१ बमोजिमको हुनेछ।

(२) पर्यटन प्रवर्द्धकको नियुक्ति गर्न मन्त्रालयमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) सहसचिव, पर्यटन महाशाखा, मन्त्रालय -संयोजक
(ख) महानिर्देशक, पर्यटन विभाग -सदस्य
(ग) कार्यकारी प्रमुख, नेपाल पर्यटन बोर्ड -सदस्य
(घ) उपसचिव, पर्यटन प्रवर्द्धन शाखा, मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले पर्यटन प्रवर्द्धकको नियुक्ति सिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि आफैंले निर्धारण गर्न सक्नेछ।
(४) सिफारिस समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ, सहयोगी कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

४. **पर्यटन प्रवर्द्धकको योग्यताः** देहायको योग्यता भएको व्यक्ति पर्यटन प्रवर्द्धकको रुपमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) एक्काइस वर्ष उमेर पूरा भएको नेपाली वा गैर आवासीय नेपाली वा विदेशी नागरिक,
(ख) पर्यटन सम्बन्धी व्यापार, पेशामा कम्तीमा १० वर्षदेखि संलग्न रही ख्याति प्राप्त गरेको,
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
(घ) नेपाल प्रति सद्भाव र रुचि भई नेपालको पर्यटन, खेलकुद, संस्कृति, कला प्रवर्द्धनमा कम्तिमा १० वर्षदेखि निरन्तर क्रियाशील रही राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गरेको,
(ङ) कुनै देशमा शरणार्थीको रुपमा नरहेको।

५. **कार्यावधिः** (१) पर्यटन प्रवर्द्धकको कार्यावधि दुई वर्षको हुनेछ। निजको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(२) कुनै पर्यटन प्रवर्द्धकले प्रशंसनीय काम गरेको छ भनी दफा ९(३) बमोजिमको मूल्याङ्कन समितिबाट सिफारिस प्राप्त भएमा मन्त्रालयले निजको अवधि आवश्यकता अनुसार थप गर्न सक्नेछ।

६. **जिम्मेवारीबाट मुक्त हुने अवस्थाः** सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक पर्यटन प्रवर्द्धक देहायका कुनै अवस्थामा आफ्नो जिम्मेवारीबाट मुक्त हुनेछः-

(क) निजले मन्त्रालय समक्ष राजीनामा दिएमा,
(ख) निजको कार्यावधि समाप्त भएमा,
(ग) दफा ५ बमोजिम मन्त्रालयले हटाएमा,
(घ) निजको मृत्यु भएमा।

## परिच्छेद -३

### काम, कर्तव्य, जिम्मेवारी र मूल्याङ्कन

७. **पर्यटन प्रवर्द्धकको काम, कर्तव्य र जिम्मेवारीः** दफा ३ बमोजिम नियुक्त हुने पर्यटन प्रवर्द्धकको काम, कर्तव्य र जिम्मेवारी नेपाल कानूनको अधीनमा रही देहाय बमोजिम हुनेछः-

(क) विश्व पर्यटन बजारमा नेपालको छवि स्थापित गर्न नेपाललाई उचित तवरले ब्रान्डिङ्ग गर्ने।
(ख) नेपाललाई साहसिक तथा आकर्षक पर्यटन केन्द्रको रुपमा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन प्रचार-प्रसारका कार्यहरु गर्ने।
(ग) नवीन एवम् रचनात्मक पर्यटकीय उत्पादनहरुको अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार र ब्राण्डिङ गर्ने।
(घ) नेपालमा लगानी गर्न चाहने विदेशी पर्यटन व्यवसायी र मन्त्रालयबीच समन्वय गर्ने।
(ङ) नेपालस्थित विदेशी नियोग र विदेशस्थित नेपाली नियोगहरुसँग समन्वय र सहकार्य गरी पर्यटन प्रवर्द्धन मार्फत आर्थिक कुटनीतिका लक्ष्यहरु हासिल गर्न सहयोग पुर्‍याउने।
(च) नेपाल वा विदेशमा आयोजना हुने पर्यटन मेला, महोत्सव जस्ता कार्यक्रममा नेपालको पर्यटन प्रवर्द्धन गर्न भूमिका खेल्ने।
(छ) अन्तर्राष्ट्रिय सञ्चार माध्यम, मञ्चहरुमा मौखिक प्रवर्द्धनबाट नेपालको पर्यटन सम्बन्धी प्रचार-प्रसारमा सहयोग गर्ने।
(ज) नेपालको ऐतिहासिक कला, संस्कृति, सम्पदा, भाषा, संगीत र लिपिहरुलाई विश्वसामु चिनाउन योगदान गर्ने।



सचिव

(झ) नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिताहरुमा तथा नेपालले भाग लिने अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा खेलकुद पर्यटन सम्बन्धी प्रचार प्रसार गर्ने।

(ञ) नेपालको सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, खेलकुद पर्यटन लगायतका सम्भावनाका विषयमा मन्त्रालय समक्ष राय सुझाव पेश गर्ने।

(ट) आफूले गरेको कामको प्रगति विवरण सहितको प्रतिवेदन अनुसूची -२ बमोजिमको ढाँचामा त्रैमासिक र वार्षिक रुपमा मन्त्रालयमा र सम्बन्धित मुलुकको नेपाली नियोगमा पेश गर्नु पर्नेछ।

८. **कुटनीतिक आचारसंहिता पालना गर्नुपर्नेः** पर्यटन प्रवर्द्धकले परराष्ट्र मन्त्रालयले जारी गरेको कुटनीतिक आचारसंहिता पूर्णरुपमा पालना गर्नुपर्नेछ।

९. **पर्यटन प्रवर्द्धकको कार्य सम्पादन मूल्याङ्कनः** (१) मन्त्रालयको सचिवले प्रत्येक आर्थिक वर्षको पहिलो ३(तीन) महिना भित्र उपदफा (३) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसका आधारमा पर्यटन प्रवर्द्धकको कार्य सम्पादन मूल्याङ्कन गरी मन्त्री समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादनको स्तर मूल्याङ्कन गर्दा देहायका कुरालाई आधार लिईनेछः-

(क) निजले विगत एक वर्षमा सम्पादन गरेको कामको समग्र विवरण,
(ख) निजले समन्वय सम्बन्धमा प्रदर्शन गरेको व्यवहार,
(ग) निजले पर्यटक समक्ष प्रदर्शन गरेको आचरण,
(घ) निजको भूमिकाबाट पर्यटन प्रवर्द्धनमा भएको उपलब्धि।

(३) प्रत्येक वर्ष पर्यटन प्रवर्द्धकको कार्यसम्पादन मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) पर्यटन महाशाखा प्रमुख, मन्त्रालय | -संयोजक |
| (ख कार्यकारी प्रमुख, नेपाल पर्यटन बोर्ड | -सदस्य |
| (ग) मन्त्रालयले तोकेको पर्यटन विज्ञ | -सदस्य |
| (घ) शाखा प्रमुख, पर्यटन प्रवर्द्धन शाखा, मन्त्रालय | -सदस्य-सचिव |

(४) मूल्याङ्कन समितिको सचिवालय पर्यटन प्रवर्द्धन शाखामा रहनेछ।

(५) मूल्याङ्कन समितिले आफ्नो प्रतिवेदन सचिव समक्ष पेश गर्नेछ।

सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

१०. **आचरण, सुविधा, सहुलियत र उन्मुक्तिमा बन्देजः** यस कार्यविधि बमोजिम नियुक्त पर्यटन प्रवर्द्धकलाई कुनै प्रकारको सुविधा, सहुलियत वा उन्मुक्ति प्रदान गरिने छैन।

११. **विविध** : (१) दफा ३ बमोजिम नियुक्त पर्यटन प्रवर्द्धकलाई निजको काम, कर्तव्य र उत्तरदायित्वबारे मन्त्रालयले जानकारी गराउनुपर्नेछ।

(२) पर्यटन प्रवर्द्धकलाई मन्त्रालयले राष्ट्रिय झण्डा र परिचय पत्र प्रदान गर्नेछ। परिचय पत्रको ढाँचा अनुसूची -३ मा उल्लेख भए बमोजिमको हुनेछ।

(३) नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ, नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानले पर्यटन प्रवर्द्धकहरुलाई पर्यटन तथा सांस्कृतिक प्रवर्द्धन सम्बन्धी सामाग्रीहरु उपलब्ध गराउनुपर्नेछ।

(४) पर्यटन प्रवर्द्धकको नियुक्ति सम्बन्धी जानकारी मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(५) पर्यटन प्रवर्द्धकको कार्यवधि समाप्त भएपछि निजले राष्ट्रिय झण्डा र परिचयपत्र मन्त्रालयमा फिर्ता गर्नुपर्नेछ।

१२. **खारेजी र बचाउः** (१) मन्त्रालयबाट जारी **"सद्भावना दुत सम्बन्धी कार्यविधि, २०७९"** खारेज गरिएको छ। सो कार्यविधि अनुसार नियुक्त भई बहाल रहेका सबै प्रकारका सद्भावना दुतहरुको नियुक्ति खारेज गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि **"सद्भावना दुत सम्बन्धी कार्यविधि, २०७९"** अनुसार नियुक्त सद्भावना दुतहरुलाई यो कार्यविधिको प्रक्रिया पूरा गरी पुनःनियुक्त हुन यस कार्यविधिले बाधा पुर्‍याएको मानिने छैन।

सचिव

अनुसूची - १

दफा (३) को उपदफा (१) सँग सम्बन्धित

मितिः.................

श्री .........................

.............................

विषय : नियुक्तिपत्र।

उपरोक्त विषयमा पर्यटन प्रवर्द्धक सम्बन्धी कार्यविधि, २०७९ को दफा (३) बमोजिम तपाईंलाई .............देश ............. राज्य/शहरको लागि पर्यटन प्रवर्द्धकमा नियुक्ति गरिएको छ। नेपालको पर्यटन प्रवर्द्धकमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ।

..............

सचिव

सचिव

अनुसूची -२

दफा (७) को खण्ड (ट) सँग सम्बन्धित

त्रैमासिक/वार्षिक कार्य सम्पादन प्रतिवेदनको ढाँचा

प्रतिवेदनको अवधिः मितिः.................देखि .......................सम्म

प्रगति विवरण पेश गरेको निकायः ..........................मितिः .........................

नामथरः............................................पदः.......................... नियुक्ति मितिः ............
देशः ....................शहरः ..........................

(क) प्रतिवेदन अवधिमा सम्पादित कामको संक्षिप्त विवरण

१. ...........................................................................

२. ...........................................................................

३. ...........................................................................

४. ...........................................................................

(ख) प्रतिवेदन अवधिमा कार्यसम्पादनमा भोगेका कठिनाई

१. ...........................................................................

२. ...........................................................................

३. ...........................................................................

४. ...........................................................................

(ग) आगामी दिनमा गर्नु पर्ने सुधार

१. ...........................................................................

२. ...........................................................................

३. ...........................................................................

४. ...........................................................................

सचिव

अनुसूची -३

दफा (११) को उपदफा (२) सँग सम्बन्धित

## परिचय-पत्रको ढाँचा

(नेपालीमा)

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

**परिचय-पत्र**

नाम थरः ..................................

पदः ....................................

देश/शहरः.............................

नागरिकता/राहदानी नं: .............

सम्पर्क नम्बरः ...........

............................... ...........................

प्रमाणित गर्नेको दस्तखत — परिचयपत्र बाहकको दस्तखत

(अङ्ग्रेजीमा)

Government of Nepal
**Ministry of Culture, Tourism and Civil Aviation**
Singhadurbar, Kathmandu

**IDENTITY-CARD**

**Name:** ..................................

**Designation:** ....................................

**Country/City:**.............................

**Citizenship/Passport No.:** ..............

**Contact Number:** ............

............................... ...........................

**Verified by** — **Card Holder**



सचिव